बबई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

हापुरे, दाङ
लुम्बिनी प्रदेश, नेपाल

ठेक्का सम्झौता अन्त्य गरिएको सम्बन्धी सार्वजनिक सूचना

सूचना प्रकाशित मिति २०८३/०८/०१

यस कार्यालय अन्तर्गत तपसिलमा उल्लेखित ठेक्का म्याद थप भई तोकिएको अवधिमा समेत निर्माण कार्य सम्पन्न गर्न निर्माण व्यवसायीबाट चासो एवं तदारुकता नदेखाई निर्माण कार्य अधुरो तथा अलपत्र पारी बिगत लामो समय देखि कार्यस्थलमा निर्माण व्यवसायी भौतिक रुपमा उपस्थित विहिन रहेको साथै यस कार्यालबाट बिभिन्न मितिमा लिखित तथा मौखिक रुपमा निर्माण कार्य सम्पन्न गर्न जानकारी एवं ताकेता गराउदा समेत निर्माण व्यवसायीबाट निर्माण कार्य सम्पन्न गर्न कुनैपनि पहलकदमि नलिई गैरजिम्मेवारी तरिकाले अटेर गरि निर्माण कार्य अधुरो तथा अलपत्र पारेको अवस्था छ। निर्माण व्यबसायीले संशोधित कार्यतालिका अनुसार निर्माण कार्य सम्पन्न नगरेको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(७) तथा ठेक्का सम्झौताको तालिकामा उल्लेखित GCC Clause No. को शर्त प्रावधान अनुसार निर्माण व्यवसायीबाट करार शर्त उल्लङ्घन गरेकाले बबई गाउँकार्यपालिकाको मिति २०८३।०७।२६ गतेको निर्णय अनुसार ठेक्का सम्झौता अन्त्य गरिएको छ। यस पश्चात् सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(८)को प्रावधान बमोजिम कार्य सम्पादन जमानत वापतको रकम जफत गरिने, ठेक्का सम्झौता शर्त प्रावधान बमोजिम बाँकी कार्य पुरा गर्न आवश्यक पर्ने रकम सरकारी बाँकी सरह असूल उपर गरिने तथा सार्वजनिक खरिद नियमावली २०६४, को नियम १२८(२) बमोजिम उपचार प्राप्त गरिने साथै सार्वजनिक खरिद नियमावली २०६४, को नियम १४१ को प्रावधान बमोजिम कालो सूचीमा राख्न सिफारिस गरिने छ। हालसम्म अद्यावधिक भएको काम र बाँकी कामको नापजाँच तथा मूल्याङ्कन गरि वित्तीय फरफारक गर्न सम्बन्धित निर्माण व्यवसायीलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा उपस्थित हुन जानकारी गराइन्छ। निर्माण व्यवसायी वा निजको प्रतिनिधि उपस्थिति नभएमा कार्यालयबाट नियमअनुसार नाप जाँच हुने व्यहोरा समेत जानकारी गराईन्छ।

निर्माण कार्य र व्यबसायीको विवरण

क्र.स	ठेक्का नं.	ठेक्काको नाम	निर्माण व्यवसायी	करार शर्त उल्लङ्घन भएको ठेक्का सम्झौता GCC No.
1.	BABAI/NCB/W/13/2079-080	Construction of Cold Storage Building at Ward no 4	Bishnu Builders Pvt.Ltd. Bethanchowk5,Chasingkharka, Kavre	72.1(b) , 72.1(c)

२०८३/०८/०१

जोखिम बली
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner